# ताचिकावा नगरपालिका र अन्य कार्यालयहरूको काउन्टर तथा टेलिफोन सेवा उपलब्ध समय परिवर्तन हुनेछ।

## यो परिवर्तन नोभेम्बर ११, २०२६ (बुधबार) देखि लागू हनेछ।

**नगरपालिका / हागुकुरुरिन (केटाकेटीहरुको पालनपोषनलाई समर्थन गर्ने) / बालबालिका भविष्य केन्द्र (केटाकेटीहरुको पालनपोषनको लागि मदतकारी जानकारी शेयर गर्ने)**

(सरकारी काउन्टर) (सरकारी काउन्टर)

# बिहान ९:०० - साँझ ४:०० बजे

## काउन्टर सेवा केन्द्र

**(सोमबार) (बुधबार) (शुक्रबार)**

### ९:०० बिहान - ४:३० साँझ

**(मंगलबार) (बिहीबार)**

### ९:०० बिहान - ७:०० साँझ

**दोस्रो र चौथो शनिबार र त्यसपछिको आइतबार**

### ९:०० बिहान - ४:३० साँझ

**<काउन्टर सेवा केन्द्रहरूको लागि सप्ताहांत खुल्ने समयका उदाहरणहरू>**

| 月 | 火 | 水 | 木 | 金 | 土 | 日 |
|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| 26 | 27 | 28 | 29 | 30 | 31 | |

| 月 | 火 | 水 | 木 | 金 | 土 | 日 |
|---|---|---|---|---|---|---|
| | | | | | | 1 |
| 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| 23 / 30 | 24 / 31 | 25 | 26 | 27 | 28 | 29 |

सेवा उपलब्ध दिनहरू

सेवा बन्द दिनहरू

※माध्यहप्ताका दिनहरूमा सेवा उपलब्ध छ
(सार्वजनिक बिदा र वैकल्पिक बिदाहरू बाहेक)



## कार्यालय नगई गर्न सकिने प्रक्रियाहरू

**कोनभिनि (कोनभिनियन्स स्टोर)मा उपलब्ध सेवा**

बासिन्दा दर्ता प्रमाणपत्र, छाप दर्ता प्रमाणपत्र, आदि। काउन्टरमा भन्दा १५० येन सस्तो!
*माइ नम्बर कार्ड आवश्यक छ

**इन्टरनेट प्रक्रियाहरू**

अनलाइनमा पेस गर्न सकिने प्रक्रियाहरू थपिन्दैछ।
सुविधा २४ घण्टा उपलब्ध!

[सोधपुछ] सुधार प्रवर्द्धन डिभिजन ०४२-५२३-२१११ एक्सटेन्सन २७०१

# ताचिकावा नगरपालिका र अन्य कार्यालयहरूको सेवा उपलब्ध समय परिवर्तन हुनेबारे (प्रश्नउत्तर)

## Q1. प्रश्न १. ताचिकावा नगरपालिका र अन्य कार्यालयहरू  सेवा उपलब्ध समय किन परिवर्तन गर्नुपर्छ?

उत्तर १. कनभने अझ गुणस्तरीय नागरिक सेवा प्रदान गर्नको लागि जाँचबुझ र सल्लाह गर्ने समय बढाउनु आवश्यक छ।
अहिले नगरपालिका सेवा उपलब्ध समय र कर्मचारीले काम गर्ने समय एउटै भएकोले कर्मचारीहरु भेला भएर मिटिङ् गर्नको लागि पर्याप्त समय छैन।
नगरपालिका सेवा उपलब्ध समय परिवर्र्तन भयो भने कर्मचारीहरु मिटिङ गर्ने समय पाएर ताचिकावा नागरिक हरुले प्रक्रिया गर्न सजिलो बनाउन सकिन्छ।

## प्रश्न २. के टेलिफोन रिसेप्शन उपलब्ध समय पनि परिवर्तन हुनेछ?

उत्तर २. टेलिफोन रिसेप्शन उपलब्ध समय पनि परिवर्तन हुनेछ। बिहान ९:०० बजेदेखि साँझ ४:०० बजेसम्म।
उपलब्ध समयबाहेक अरु समयमा गरिएका कलहरूको लागि स्वचालित आवाज सुचनाले उपलब्ध समय अहिले होइन भनेर जानकारी दिनेछ। यद्यपि, आपतकालीन अवस्थामा, नाइट ड्युटीमा रहेका कर्मचारीहरूले कल सम्हाल्नेछन्।

## प्रश्न 3. सेवा उपलब्ध समयको परिवरतन कुन कार्यालयहरूमा लागु हुन्छ?

उत्तर 3. निम्न कार्यालयहरूमा यस छाँटकाँट जारी हुनेछ, नगरपालिकाको मुख्य भवन, काउन्टर सेवा केन्द्र, हागुकुरुरिन (सरकारी काउन्टर मात्र), र बालबालिका भविष्य केन्द्र (सरकारी काउन्टर मात्र) ।
तर निम्न कार्यलयहरुमा यस  छाँटकाँट जारी हुनेछैन, नर्सरी, पुस्तकालय, व्यायामशाला, र सिकाइ केन्द्रहरू जस्ता सुविधाहरू जहाँ सुविधाको प्रयोग नै सेवाको मुख्य उद्देश्य हो र प्रन्तिय सरकारबाट प्रशासन गर्ने जिम्मेवारी सुम्पिएको निजी संस्था वा कम्पनीहरुले चलाउने कार्यलय तथा सुविधाहरू।

## प्रश्न ४. के कर्मचारीहरूको काम गर्ने समय पनि परिवर्तन हुनेछ?

A४. कर्मचारीहरूको काम गर्ने समय परिवर्तन हुनेछैन।
उपलब्ध समय समाप्त भएपछि, नागरिकहरूलाई अझ गुणस्तरीय सेवाहरू प्रदान गर्न कर्मचारीहरूले मिटिङ गरेर बिचार गर्ने छन्।

## प्रश्न ५. के उपलब्ध समय छोटो पार्दा काउन्टरमा भीडभाड हुन्छ?

उत्तर ५. हालसालै माई नम्बर कार्ड र अनलाइन प्रक्रियाहरूको प्रयोगमा वृद्धि भएको कारण काउन्टर प्रयोग गर्ने नागरिकहरूको संख्या वर्षैपिच्छे घट्दै गएको छ।
यसबाहेक, मुख्य नगरपालिका भवनमा आउने आगन्तुकहरूको लगभग ९०% बिहान ९:०० बजेदेखि साँझ ४:०० बजेको बीचमा हुन्छन्। बिहान र साँझमा आउने आगन्तुकहरू कम देखन्छ।
हामी अनलाइन सूचनाहरू र आवेदनहरूको संख्या विस्तार गरेर र कोनबिनि (कोनभिनियन्स स्टोर)मा कागजातहरू जारी गर्ने सुबिधाहरु अऋ राम्रसित मिलाएर भीडभाड कम गर्ने प्रयास कायम राख्नेछौं।